# ईश्वरपुर नगरपालिका

## ईश्वरपुर, सर्लाही

### मधेश प्रदेश, नेपाल

# वार्षिक प्रगति समिक्षा प्रतिवेदन

## आर्थिक वर्ष २०८०/०८१


ईश्वरपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

ईश्वरपुर, सर्लाही

www.ishworpurmun.gov.np

Email: info@ishworpurmun.gov.np

ishworpur2071@gmail.com

# वार्षिक प्रगति समिक्षा प्रतिवेदन
## आ.व. २०८०/०८१

**१. पृष्ठभुमि :**

प्रत्येक निकायले सम्पन्न गरेको योजना तथा कार्यक्रमहरुको प्रगति समीक्षा गर्नुपर्ने नितिगत व्यवस्था भएअनुरुप यस ईश्वरपुर नगरपालिकाको आ.व. २०८०/८१ मा सञ्चालन भएका योजना तथा कार्यक्रमहरुको वार्षिक प्रगति समीक्षा संचालन गरिएको हो। उपलब्ध स्रोत र साधनको यथोचित वितरण र परिचालन भए नभएको विषयमा सरोकारवाला बिच छलफल र समीक्षा गरी प्राप्त पृष्ठपोषणको आधारमा संस्थागत सुधार गरी कार्य सम्पादनलाई चुस्त दूरुस्त बनाउन आ. व. २०८०/०८१ को वार्षिक प्रगति समीक्षा कार्यक्रम गरिएको हो।

यस ईश्वरपुर नगरपालिकाका नगर प्रमुख श्री मनोज कुमार आचार्यज्यूको अध्यक्षतामा संचालन भएको सो कार्यक्रममा नगरपालिकाका नगर उपप्रमुख श्री रंजिता देवी चौधरीज्यूको उपस्थिति एंव सम्पूर्ण कर्मचारीहरुको उपस्थितिमा शाखा प्रमुखज्यूहरुद्धारा शाखागत रुपमा सञ्चालन गरेका कार्यक्रमहरुको प्रस्तुति रहेको थियो।

**२. उदेश्य :**

वार्षिक प्रगति समीक्षा कार्यक्रम गर्नुको मुख्य उद्देश्य आ. व. २०८०/८१ मा संचालित र सम्पन्न भएको आयोजना/कार्यक्रमहरूको वित्तिय तथा भौतिक प्रगतिको विवरण तयार गरी आगामी दिनहरुमा कार्यक्रम संचालनको लागि पृष्ठपोषण प्राप्त गर्नु रहेको छ। संस्थामा सुशासन कायम गर्न , कार्य प्रणाली पारदर्शी बनाउन, सरोकारवालाहरुको जानकारीको लागि तथा विभिन्न मूल्यांकनका सूचकको लागि वार्षिक प्रगति समिक्षा अति आवश्यक रहेको छ।

३. कार्यक्रम संचालन मिति: २०८१/०७/०५ गते सोमबार

४. कार्यक्रम संचालन स्थान: ईश्वरपुर नगरपालिकाको सभा हल।

५. कार्यक्रम संचालन समय: बिहान ७:०० बजे देखि

६. स्वागत तथा उद्देश्य माथि प्रकाश योजना शाखा प्रमुख श्री पुष्करमणि घिमिरे

७. शाखागत प्रस्तुतिः

७.१. शिक्षा शाखा - श्री हरि प्रसाद दाहाल

७.२. योजना शाखा - श्री पुष्करमणि घिमिरे

७.३. आर्थिक प्रशासन शाखा - श्री श्याम प्रसाद यादव

७.४. जिन्सी शाखा - श्री रामबाबु राउत

७.५. सामाजिक सुरक्षा तथा पंजीकरण शाखा - श्री सरोज चौलागाईं

७.६. भौतिक पूर्वाधार विकास शाखा - श्री नितेश कुमार साह

७.७. स्वास्थ्य शाखा - श्री सुगेन्द्र महतो

७.८. रोजगार शाखा - श्री ज्ञानेन्द्र रौनियार

७.९. उद्यम विकास शाखा - श्री अनिता चौधरी

७.१०. कृषि विकास शाखा - श्री रेशा राई

७.११ पशु सेवा शाखा - श्री शिकारी साह

७.१२. महिला बालबालिका शाखा - श्री गायत्री चौधरी

७.१३ सूचना प्रविधि शाखा - श्री शम्भु महतो

७.१४ राजश्व शाखा - श्री बैकुण्ठ सापकोटा

७.१५ वडा सचिवहरु ९वडा नं. १ देखि १५ सम्म०

७.१६ सार संक्षेप प्रस्तुतीकरण - प्रमुख प्रशासकीय अधिकृत श्री हिराकाजी श्रेष्ठ

८. आ.व. २०८०/०८१ को कूल आय व्यय:

| सि.नं. | किसिम | प्रस्तावित | वास्तविक |
|---|---|---|---|
| १. | आय | ९२,९४,७०,४६०\|६५ | ८२,८५,६८,५८६\|१६ |
| २. | व्यय | ९२,९४,७०,४६०\|६५ | ६२,६२,२९,११६\|७९ |

९. योजना विवरण:

९.१ यस आ.व. मा विनियोजित योजनाहरु रकमको आधारमा तपसिल बमोजिम वर्गीकरण गरिएको छ:

| सि.नं. | विवरण | योजना संख्या |
|---|---|---|
| १ | रु. एक लाखभन्दा कमको योजना | ८६ |
| २ | रु. १-२ लाख सम्मको योजना | ६९ |
| ३ | रु.२-५ लाख सम्मको योजना | १०२ |
| ४ | रु.५-१० लाख सम्मको योजना | ४५ |
| ५ | रु.१०-५० लाख सम्मको योजना | ३१ |
| ६ | रु. ५० लाख भन्दा माथिका योजना | ०९ |
| | जम्मा | ३४२ |

९.२ यस आ.व. मा विनियोजित योजनाहरु क्षेत्रको आधारमा तपसिल बमोजिम वर्गीकरण गरिएको छ:

| सि.नं. | क्षेत्र | बजेट | खर्च | खर्च % |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४,००,५४,९८०\|०० | २,८१,२६,२६५\|८१ | ७०.३३ |
| २ | पूर्वाधार विकास | २९,९७,८६,३९५\|६५ | १७,५८,४२,०१४\|९७ | ५८.६६ |
| ३ | सामाजिक विकास | ३९,९२,५७,९५९\|०० | २८,०६,८४,४००\|२० | ७०.३० |
| ४ | वातावरण विकास | ० | ० | ० |
| ५ | संस्थागत विकास | ६४,५९,१०६ | २४,८७,८६३ | ३८.५२ |

| ६ | अन्य प्रशासनिक खर्च | १८,३९,१२,०२० | १४,२५,५४,५७२\|८१ | ७७.५१ |
|---|---|---|---|---|
| जम्मा | | ९२,९४,७०,४६१ | ६२,९६,९५,११६\|७९ | ६७.७५ |

९.३ यस आ.व. मा विनियोजित योजनाहरु SuTRA बाहिरको कारोवारको आधारमा तपसिल बमोजिम वर्गीकरण गरिएको छ:

| सि.नं. | उपशिर्षकको विवरण | बजेट रु. | खर्च रु. |
|---|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा संरक्षण | २३,३६,८०,२१६।०० | २३,३४,७५,०५६।०० |
| २ | स्वास्थ्य क्षेत्र सुरक्षा कार्यक्रम | ३८,७०,०००।०० | ३७,५१,८४०।०० |
| ३ | महामारी रोग नियत्रण कार्यक्रम | ३,६२,०००।०० | ३,६२,०००।०० |
| ४ | गरिबसँग विश्वेश्वर कार्यक्रम | ४,१५,०००।०० | ४,१५,०००।०० |
| | जम्मा | २३,८३,२७,२१६।०० | २३,८०,०३,८९६।०० |

१०. वडागतरुपमा संकलन भएको राजस्वको विवरण :

| वडा नं | आ.व. २०८०/८१ ८१ मा संकलित राजस्व | कैफियत |
|---|---|---|
| १ | २,२०,६२७\|७५ | |
| २ | ४,६७,३७१\|६५ | |
| ३ | ६,२८,७८०\|०२ | |
| ४ | ४,२४,२५५ | |
| ५ | ४,९१,३०० | |
| ६ | - | न.पा राजश्व शाखा मार्फत राजश्व संकलन |
| ७ | - | न.पा राजश्व शाखा मार्फत राजश्व संकलन |
| ८ | ३,५६,०२२\|५२ | |
| ९ | ४,६४,०१३\|२८ | |
| १० | ४,४०,९६४\|५० | |
| ११ | ३,९६,७६२\|३७ | |
| १२ | २,५६,५४८\|२८ | |
| १३ | ४,२९,९१३\|४८ | |

| | | |
|---|---|---|
| १४ | ६,९१,९८०\|१६ | |
| १५ | ५,६६,७५९\|९३ | |
| नगरपालिका | ५५,२४,३२३\|८५ | |
| जम्मा | १,१३,५९,६२२\|७९ | |

११. वडागतरुपमा सञ्चालित वडास्तरीय योजनाको विवरण :

| वडा नं | स्वीकृत योजना सख्या | संचालित योजना सख्या |
|---|---|---|
| १ | १७ | ५ |
| २ | १७ | १३ |
| ३ | २० | १५ |
| ४ | २० | १३ |
| ५ | १२ | ०८ |
| ६ | १९ | १४ |
| ७ | २१ | १३ |
| ८ | १६ | १० |
| ९ | २४ | १६ |
| १० | २६ | १८ |
| ११ | २० | १५ |
| १२ | ६ | ०४ |
| १३ | १६ | ०९ |
| १४ | १३ | ०८ |
| १५ | २० | १० |
| जम्मा | २६७ | १७१ |

१२. <u>कार्यक्रममा उठान भएका विषयवस्तु तथा सुझावहरु</u> :

यस ईश्वरपुर नगरपालिकाका नगर प्रमुख श्री मनोज कुमार आचार्यज्यूले कर्मचारी र जनप्रतिनिधि एकै सिक्काका दुई पाटा हुन् त्यसैले एक अर्काको समन्वयमा काम गरे मात्र ईश्वरपुर नगरपालिकालाई समृद्ध बनाउन सकिनेको साथै विगतको आर्थिक वर्षमा भन्दा यस आर्थिक वर्षमा कार्य प्रगति सन्तोषजनक रहेको भएता पनि नगरपालिकाले लिएको लक्ष्य अनुरुप वित्तिय तथा भौतिक प्रगति अझै पनि पुरा नभएको र आगामी दिनमा सबै कर्मचारीहरुले नगरपालिकाको उद्देश्य प्राप्तिको लागि अझ बढि लगनशिलताका साथ काम गर्नु पर्ने भन्दै आ.व. २०८१/०८२ मा कर्मचारीहरुले थप मेहनत गर्न समेत निर्देशन दिनुभयो। त्यस्तै ईश्वरपुर नगरपालिकाका नगर

उप-प्रमुख श्री रंजिता देवी चौधरीज्यूले यस वर्षको वित्तिय एवम् भौतिक प्रगति सन्तोषजनक रहेको भन्दै आर्थिक वर्ष २०८१/०८२ मा नगरपालिकाबाट हुने विभिन्न कार्यक्रम तथा विकास निर्माणका कार्यहरु असार उन्मुख नभई समयमा नै सम्पन्न गर्नुपर्ने जसको प्रतिफल अझ बढि उत्कृष्ट हुने र कर्मचारीहरुले प्राप्त अख्तियारी बमोजिम बार्षिक कार्य तालिका बनाई जनप्रतिनिधिसँग आवश्यक समन्वय गरी अझ सक्रियताका साथ समयमै कार्य सम्पन्न गर्न निर्देशन दिनुभयो । ईश्वरपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री हिराकाजी श्रेष्ठज्यूले सबै शाखाबाट भएका काम कारबाहीको सारसंक्षेपमा प्रगति तथा सबल दुर्बल पक्षको उल्लेख गर्दै शाखा प्रमुखहरुलाई प्रगतिको लागि धन्यबाद दिदै चालु आ.व. मा थप प्रगतिको लागि प्रतिबद्ध भएर कार्य सम्पादन गर्न निर्देशन दिनुभयो ।

१३. <u>कार्यक्रमको सवल तथा दुर्वल पक्ष</u>

वार्षिक प्रगति समिक्षा कार्यक्रममा विभिन्न विषयगत शाखा र वडागत प्रस्तुतीमा आ.व. २०८०/०८१ को वित्तिय प्रगति र कार्य सम्पादनको सिलसिलामा देखिएका समस्याहरुलाई समेटिनु र त्यस माथि छलफल हुनु सकारात्मक पक्षका रुपमा लिन सकिन्छ
त्यसै गरि कार्यक्रमका सम्पूर्ण शाखागत प्रस्तुतिहरुमा एकरुपता ल्याई तथ्यांक र चार्टमा आधारित प्रस्तुतीकरण हुनुपर्ने देखिन्छ ।

१४. <u>निष्कर्ष</u> :

यस ईश्वरपुर नगरपालिकाको आ.व. ०८०/०८१ मा संचालित योजना तथा कार्यक्रमहरुको वार्षिक प्रगति समिक्षा कार्यक्रमले आगामी दिनमा विभिन्न विषयगत शाखा तथा वडागत रुपामा संचालन हुने कार्यक्रम तथा योजनाहरु आम नागरिकले स्थानीय सरकारको महशुस गर्ने गरी निर्धारित समय अगाडी नै सम्पादन गर्न महत्वपुर्ण भुमिका रहनेछ । वार्षिक प्रगति समिक्षा कार्यक्रमले नगरपालिकाको सेवा प्रवाहमा पारदर्शिता ल्याउनुको साथै समयमा नै सूचना प्रवाह गरि सबै पक्षसँग समन्वय र सहकार्य गर्दै भावी कार्यदिशा तय गर्न समेत लाभदायक हुने निष्कर्ष रहेको छ।